मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

Purwanchal National Daily

◆ वर्ष : ३१ ◆ अङ्क : ७२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ १४ गते बुधबार (Wednesday, 28 January. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## कछुवा खरिद-विक्री गर्दा...

**काठमाडौं, माघ १३** संरक्षित वन्यजन्तु जीवित कछुवा खरिद बिक्री गर्ने कार्यमा संलग्न रहेको अभियोगमा ललितपुर महानगरपालिका-३ धोबीघाट बस्ने चितवन भरतपुर महानगरपालिका-१६ घर भएका १९ वर्षीय रोहिम तिवारीलाई प्रहरीले पक्राउ गरेको छ।

अवैध रूपमा संरक्षित वन्यजन्तु जीवित कछुवा ओसारपसार गरी खरिद बिक्री गर्न बोकी हिँडेको भन्ने सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाटबाट खटिएको प्रहरीले उनलाई ललितपुर

(बाँकी अन्तिम पृष्ठमा)

## केवलकारबिरुद्ध पुनः चर्कंदै आन्दोलन



**झापा, माघ १३।** ताप्लेजुङको पाथीभरा क्षेत्रमा निर्माणाधीन केवलकार परियोजनाविरुद्ध उठेको आन्दोलन फेरि सशक्त बन्दै गएको छ।

मुक्कुमलुङ संरक्षण संघर्ष समिति तथा केवलकार खारेजीका लागि संघर्षरत् संस्थाहरूले मंगलवार बिर्तामोडमा विरोध सभा आयोजना गर्दै आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी दिए। बिर्तामोड-५स्थित सिटी सेन्टर अगाडि आयोजना गरिएको आन्दोलनमा मुक्कुमलुङ संरक्षण संघर्ष समितिका झापा जिल्ला अध्यक्ष हिमालयन प्रकाश कन्दङ्वासहितका नेताले सम्बोधन गरेका थिए।

सभामा राष्ट्रिय मुक्ति पार्टीका उपाध्यक्ष मित्र लिङ्देन, पार्टीका वरिष्ठ नेता सञ्जुहाङ पालुङ्वा, कियाचु झापा जिल्ला सचिव भीममाया तुम्बापो, नेकपा (माओवादी-विप्लव)का प्रतिनिधिसभा झापा क्षेत्र नम्बर २का उम्मेदवार अर्जुन पाण्डे, श्रम संस्कृति पार्टीकी जिल्ला सचिव सोनाली माबो, उज्यालो नेपालका कुमार स्याम्बो, संघीय लिम्वुवान राष्ट्रिय मोर्चाका जिल्ला अध्यक्ष राजा आङ्थुपो, पहिचानवादी मोर्चाकी संघीय सदस्य शर्मिला आङ्दम्बे र पहिचानवादी मोर्चा झापाका जिल्ला संयोजक एलबी पालुङ्वालगायतका नेताहरूको सहभागितामा बिरोधसभा आयोजना गरिएको थियो।

सहभागी वक्ताहरूले मुक्कुमलुङ क्षेत्रलाई किरात समुदायको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पहिचानसँग जोडिएको पवित्र भूमिको रूपमा उल्लेख गर्दै त्यहाँ व्यावसायिक उद्देश्यका लागि केवलकार निर्माण गर्नु गलत भएको बताएका थिए।

वक्ताहरूले केवलकार परियोजनाले प्राकृतिक सम्पदा, धार्मिक आस्था र स्थानीय समुदायको मौलिक पहिचानमा गम्भीर असर पार्ने भन्दै परियोजना तत्काल खारेज गर्न सरकारसँग माग गरेका थिए। उनीहरूले विकासको नाममा स्थानीय समुदायको भावना र ऐतिहासिक महत्वलाई बेवास्ता गर्न नहुनेमा पनि जोड दिए।

सभामा बोल्ने नेताहरूले मुक्कुमलुङ संरक्षणको आन्दोलनलाई शान्तिपूर्ण तर सशक्त रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे। आवश्यक परे आन्दोलनलाई चरणबद्ध रूपमा देशव्यापी बनाइने उनीहरुले चेतावनी समेत दिए।


ताप्लेजुङस्थित पाथीभरा मन्दिर नेपालका प्रमुख धार्मिक तीर्थस्थलमध्ये एक हो। वार्षिक हजारौं भक्तजन त्यहाँ दर्शनका लागि पुग्ने गर्छन्। तीर्थयात्रीको आवागमन सहज बनाउन भन्दै केही वर्षअघि निजी क्षेत्रको सहभागितामा केवलकार परियोजना अघि बढाइएको थियो।

परियोजनाले तल्लो फेदीदेखि मन्दिर नजिकसम्म यात्रुलाई छोटो समयमै पुऱ्याउने लक्ष्य राखेर केवलकार सञ्चालन गर्ने प्रक्रिया अघि बढाएको छ। यही परियोजना सञ्चालन गर्ने क्रममा पहिचानवादी समूहको तीव्र बिरोध रहँदै आएको छ।

गतवर्षको यही विषयलाई लिएर ताप्लेजुङमा आन्दोलन चर्किएको थियो। सोही विषयलाई लिएर पाथीभरा क्षेत्रमा प्रहरीसंग झडप समेत भएको थियो।

प्रतिनिधिसभा निर्वाचनः जिम्मेवारी विधि निर्माणको, मत माग्ने वहाना विकासको

# मत माग्दा विकास निर्माणको आश्वासन किन ?



**काठमाडौँ, माघ १३।** संघीय संसद् मुलुकको सर्वोच्च जनप्रतिनिधिमूलक र नागरिक सार्वभौमसत्ताको प्रयोग गर्ने थलो हो। संविधान अनुसार नागरिकका प्रतिनिधिबाट निश्चित अवधिका लागि चुनिने प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यसँग क्षेत्रगतरूपमा विकासका काम गर्ने जिम्मेवारी हुँदैन।

सांसदको मुख्य जिम्मेवारी मूलतः, कानून निर्माण, सरकार गठन तथा बजेटमाथि छलफल र पारित गर्नु हो। यस्तै सरकारको नीति तथा कार्यक्रममाथि छलफल र पारित, संविधान संशोधन तथा जनमत संग्रह, सरकारका नियमित कामकारवाहीको निगरानी, सरकारलाई आवश्यक निर्देशन र सुझाव, अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुमोदन, सरकारलाई नागरिकप्रति उत्तरदायी बनाउने काम पनि संसद्को भूमिकाभित्र पर्छ। संसद्को यी नीतिगत भूमिका भए पनि नेपालमा पञ्चायतकालदेखि नै 'विकासको बाहक' का रूपमा सांसदलाई लिइन्छ। त्यसै आधारमा मत माग्ने र दिने गरिँदै आएको छ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी मनोनयन-पत्र दर्ता गराएका उम्मेदवारले 'म यहाँको विकास निर्माण यसरी गर्छु' भनेर मत माग्न थालिसकेका छन्। मतदाताले पनि 'तपाईं जितेमा हाम्रो क्षेत्रलाई कसरी विकास गर्नुहुन्छ ?' भन्ने प्रश्न उम्मेदवारलाई तेर्स्याउन थालेका छन्।

संविधानसभा सदस्य एवम् वरिष्ठ अधिवक्ता रामनारायण विडारी संसद्को मूल काम के हो भन्ने सांसद र जनता दुवैमा अलमल हुँदै आएको बताउँछन्। उनको बुझाइमा संसद्को दुई वटा महत्वपूर्ण काम सरकार बनाउने, अर्को कानून बनाउने हो। अर्को काम भनेको देशको ढुकटी बाँडफाँट गर्ने हो।

म चुनाव जितेर गएँ भने यस प्रकारको बजेट बनाउँछु भन्न मिल्छ तर यो ठाउँमा यसरी सडक, कुलो, खेलमैदान बनाउँछु भन्ने प्रतिबद्धता गर्नु सांसदको क्षेत्राधिकार होइन। यो स्थानीय तहको अधिकारको क्षेत्रभित्र पर्छ। सांसदले स्थानीय तहको अधिकार मिच्नु हुँदैन- संविधानका जानकार विडारीले भने- अरुको अधिकार मिच्छु भनेर भोट माग्नेले जितेर गए भने के के मिच्ला ? कानून विपरीतका के के गर्ला ? त्यसकारण संसदको निर्वाचनमा विकासको प्रतिबद्धता गर्नु झुठ बोल्नु हो। उनले मतदाताको आवश्यकता बमोजिम सांसदले भूमि, वन, मालपोत र शिक्षासम्बन्धी ऐनहरू संशोधन विकास निर्माणमा यस प्रकारले निर्देश गराउँछु भन्न सक्ने बताए।

नेपाली कांग्रेसका पूर्वप्रमुख सचेतक श्यामकुमार घिमिरे पञ्चायतकालदेखि नै विकास निर्माणको वचनबद्धता गरेर संसदीय निर्वाचन लड्ने परम्परा भत्काउन नसकिने स्वीकार गर्छन्। नेता घिमिरेले आसन्न निर्वाचनमा पनि कस्तो कानून (विधि) निर्माण गर्ने र सांसदको दायित्व के हो भन्ने हिसाबले छलफल नभएको बताउँदै उनले भौतिक विकास निर्माणले प्राथमिकता पाएको जनाए।

यस्तो परम्परालाई बदल्नैपर्छ। वास्तवमा विकास निर्माण र बजेट निर्माणका काममा सांसदको कुनै भूमिका हुँदैन। सरकारले संसदमा ल्याउने बजेटलाई बहुमत/ अल्पमतका आधारमा पारित गर्ने मात्रै हो- घिमिरेले भने- तर, अहिलेको निर्वाचनमा पनि सांसदका खास भूमिका विधि निर्माण हो भन्ने बुझ्ने र बुझाउनेमा समस्या नै देखिन्छ। यस विषयमा राष्ट्रिय रूपमै चेतना विकास गर्नुपर्ने आवश्यकता छ, सांसद विकासे कार्यकर्ता होइनन्।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का पूर्वप्रमुख सचेतक पदम गिरी संविधानले संसदलाई सरकार बनाउने र विधि निर्माण गर्ने मुख्य काम दिएको छ भन्ने बारेमा

(बाँकी अन्तिम पृष्ठमा)

## झापा गोल्डकपः सुरक्षा प्रमुखसंग छलफल



**झापा, माघ १३।** आसन्न सातौं झापा गोल्डकप विनोद बस्नेत स्मृति संस्करणको तयारीका लागि बिर्तामोडका जनप्रतिनिधि तथा झापाका सुरक्षा प्रमुखहरुसँग अन्तरक्रिया गरिएको छ।

झापाको बिर्तामोडमा मंगलवार भएको अन्तरक्रियामा सहभागी प्रतिनिधिहरुले प्रतियोगितालाई उत्सवका रुपमा मनाउन सुझाव दिएका छन्। स्थानीय सरकारका प्रतिनिधिहरुले सकरात्मक सहयोगको वचनबद्धता समेत प्रकट गरेका छन्।

बिर्तामोडका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले स्थानीय सरकारले यो प्रतियोगिताको अभिभावकीय भूमिका निर्वाह गर्ने बताए। अन्तरक्रियामा उपप्रमुखसहित बिर्तामोड नगरका वडाध्यक्षहरु अग्निप्रसाद पाण्डे, किशारकुमार पौडेल, मदन बुढाथोकी, राहुल शर्मा, रोहित प्रसाईं र दूर्योधन गुरुङको उपस्थिति रहेको थियो।

यसैबीच, सुरक्षा निकायका प्रमुखहरुसँगको अन्तरक्रियामा झापाका प्रमुख जिल्ला अधिकारी

(बाँकी अन्तिम पृष्ठमा)

## विदेश पठाउने भन्दै ठगी गर्ने सात जना पक्राउ

**काठमाडौं, माघ १३।** आकर्षक तलबको प्रलोभन देखाएर विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गर्ने सात जनालाई प्रहरीले काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरेको छ।

क्यानडा, युएई, सर्बिया, रोमानिया लगायतका मुलुक पठाइदिने भन्दै उनीहरुले ठगी गरेको खुलेको छ। उनीहरूले वैदेशिक रोजगारीका लागि विभिन्न देश जाने तयारीमा रहेका युवाहरूबाट लाखौं रकम असुलेर सम्पर्कविहीन भएको उजुरी परेपछि प्रहरीले कारबाही अगाडि बढाएको हो।

पक्राउ पर्नेहरूमा स्याङ्जाका ४४ वर्षीय कृष्ण कुँवर, मकवानपुरकी २६ वर्षीया मनिषा अधिकारी, गुल्मीका ४८ वर्षीय भक्तप्रसाद मरासिनी र चितवनका २७ वर्षीय सरल आचार्य रहेका छन्।

पक्राउ परेकामध्ये कृष्ण कुँवरले सर्बिया पठाइदिने बहानामा एक जनाबाट २ लाख ५० हजार रूपैयाँ ठगी गरेको खुलेको छ। त्यस्तै, मनिषा अधिकारीले क्यानडा पठाइदिन्छु भन्दै २ लाख ५० हजार, भक्तप्रसाद मरासिनीले रोमानियाका लागि २ लाख २५ हजार र सरल आचार्यले युएई पठाइदिने प्रलोभनमा २ लाख ६२ हजार रूपैयाँ ठगी गरेका थिए। रकम बुझाएपछि आरोपितहरू सम्पर्कविहीन भएकाले पीडितहरूले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूमा उजुरी दिएका थिए।

पीडितहरूको उजुरीका आधारमा खटिएको प्रहरी टोलीले कृष्ण, मनिषा र भक्तप्रसादलाई आइतबार तथा सरललाई काठमाडौंका विभिन्न ठाउँबाट नियन्त्रणमा लिएको हो। पक्राउ परेका चारै जनालाई थप अनुसन्धान र आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले जनाएको छ।

त्यस्तै क्यानडा र युएई पठाइदिने भन्दै ठगी गर्ने कार्यमा संलग्न रही पक्राउ पर्नेमा नुवाकोटको शिवपुरी गाउँपालिका-३का ३८ वर्षीय कृष्णजी थापा, सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-६का २२ वर्षीय अनिलकुमार साह र ललितपुर महानगरपालिका-१६का ३० वर्षीय विवेक भुजेल रहेका छन्।

काठमाडौंको तारकेश्वर-१२मा बस्दै आएका थापाले यूएई पठाइदिने भन्दै एकजनाबाट ६ लाख ३० हजार रुपैयाँ लिएर सम्पर्कविहीन भएको आरोप छ। काठमाडौं-३१मा बस्दै आएका साहले क्यानडा पठाइदिने भन्दै एक व्यक्तिबाट १८ लाख रुपैयाँ लिएका प्रहरीले जनाएको छ। चन्द्रगिरी-३मा बस्दै आएका ललितपुरका भुजेलले यूएई पठाइदिने भन्दै दुई जनाबाट साढे तीन लाख रुपैयाँ लिएर सम्पर्कबिहीन भएका आरोप छ।

थापा र साहलाई सोमबार र भुजेललाई मंगलबार पक्राउ गरिएको हो। काठमाडौंका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरिएको कार्यालयका एसपी मनोहरप्रसाद भट्टले जानकारी दिए। थप अनुसन्धान र काराहीका निम्ति उनीहरूलाई वैदेशिक रोजगार विभागमा पठाइएको प्रहरीले जनाएको छ।

## सुनका गरगहना चोरी

**दमक, माघ १३।** दमकमा सुनका गरगहना चोरी र लागूऔषध कारोबारमा संलग्न चार जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा शिवसताक्षी-२ घर भई हाल दमक-८ बस्दै आएका प्रकाश घतानी, दमक-७ का कमलबहादुर रञ्जीतकार, उनका बुबा नरबहादुर रञ्जीतकार र कमलबहादुरकी श्रीमती सन्ध्या हिङ्माङ रहेका छन्।

प्रहरीका अनुसार गत माघ ७ गते दिउँसो दमक-५ चाँदनी टोलकी कमला चम्लागाँईको घरबाट अपरिचित व्यक्तिहरूले १ तोलाको सुनको चुरा, ६-६ आनाका नौगेडी र तिलहरी, ५ आनाका दुईवटा सुनका औंठी, १० आनाको झुम्का तथा २५ हजार रुपैयाँ नगद चोरी गरेका थिए। घटनापछि सीसीटीभी फुटेजका आधारमा अनुसन्धान गर्दा प्रकाश घतानी र कमलबहादुर रञ्जीतकार चोरीमा संलग्न रहेको खुलेको प्रहरीले जनाएको छ।

प्रारम्भिक सोधपुछका क्रममा घतानीले चोरी गरिएका केही सुनका गरगहना आफू

(बाँकी अन्तिम पृष्ठमा)

## कोशी प्रदेश, झापा जिल्ला, बिर्तामोड नगरपालिकामा सञ्चालन गरिने मेची आँखा अस्पतालको

## वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना

**(प्रकाशित मितिः २०८२ साल माघ १४ गते बुधबार)**

**कोशी प्रदेश, झापा जिल्ला, बिर्तामोड नगरपालिका, वडा नं. ३, सैनिकमोडमा मेची आँखा अस्पताल (संघ) द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।**

| | |
|---|---|
| **प्रस्तावकको नाम ठेगानाः** | श्री मेची आँखा अस्पताल (संघ)<br>बिर्तामोड नगरपालिका, वडा नं. ३, सैनिकमोड |
| **प्रस्तावको व्यहोराः** | झापा जिल्लाको बिर्तामोड नगरपालिका वडा नं. ३ अवस्थित मेची आँखा अस्पताल एक सामुदायिक आँखा अस्पताल हो र पछिल्लो २८ वर्षदेखि (१५ नोभेम्बर १९९६मा स्थापना भएको) विभिन्न आँखा उपचार सेवाहरू प्रदान गर्दै आएको छ। मेची आँखा अस्पताल कूल ७२८८.८६ वर्ग मिटर क्षेत्रफलमा फैलिएको छ, जसको संरचनाको कूल क्षेत्रफल ५५ वर्ग मिटर प्रति शैय्या मानक अनुसार कम्तीमा १३,७५० वर्ग मिटर छ। २०० शैय्या क्षमतासहितको यस अस्पतालमा मुख्यद्वार, पार्किङ क्षेत्र, अस्पताल ब्लक, प्रशासनिक ब्लक, चमेना गृह, आवास क्षेत्र, खेलकुद ब्लक र पार्क रहेका छन्। |
| **प्रभाव पर्ने जिल्ला/न.पा** | झापा जिल्ला, बिर्तामोड नगरपालिका वडा नं. ३, सैनिकमोड |

**माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ।**

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | मेची आँखा अस्पताल (संघ)<br>बिर्तामोड नगरपालिका वडा नं. ३, झापा जिल्ला, कोशी प्रदेश, नेपाल<br>फोन नं. : ०२३-५३१९९२/५३१९९३<br>ईमेलः mecc@ntc.net.np<br>वेबसाईटः https://meh.org.np/ [redacted] |
| [redacted] | [redacted] ज, काठमाडौं महानगरपालिका, [redacted] |

## वृद्ध दम्पतीको हत्या

**विराटनगर, माघ १३।** ओखलढुंगाको चिशंखुगढी गाउँपालिका-६ भदौरेमा वृद्ध दम्पतीको विभत्स हत्या भएको छ।

भदौरेको बोहोरे टोलमा ८० वर्षीय चन्द्रबिक्रम राई र उनकी पत्नी चन्द्रमाया राईको लुटपाटपछि हत्या भएको अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ। एक महिनाअघि पनि चिशंखुगढी भदौरेमा ६० वर्षीय शोभितमान थापामगर र उनकी श्रीमती रत्नमाया थापामगरको हत्या भएको थियो।

वडाध्यक्ष बलराम कटवालका अनुसार दम्पतीले सञ्चालन गर्दै आएको सानो पसलमा लुटपाट गरी दुवैको हत्या भएको हो। जिल्ला प्रहरी कार्यालय ओखलढुंगाका प्रमुख प्रहरी नायव उपरीक्षक मदन केसीले घटनास्थलमा प्रहरी पुगेको भन्दै आफू पनि घटनास्थल जाँदै गरेको बताए। यसअघि मगर दम्पतीको हत्यामा संलग्न आरोपमा चार जना पक्राउ परेका थिए।

BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :

Birtamode Eye Hospital

CHARPANE, JHAPA, MECHI, NEPAL

PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I

Web: birtamodeeyehospital.org

## गालीगलौज गर्दा पक्राउ

**झापा, माघ १३।** सामाजिक सञ्जाल र विभिन्न मिडियामार्फत तथ्यहीन आरोप, गालीगलौज र बेइज्जतीपूर्ण अभिव्यक्ति दिएको आरोपमा प्रहरीले युवराज सफललाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता पवनकुमार भट्टराईका अनुसार सफलले महान्यायाधिवक्ताको कार्यालय तथा महान्यायाधिवक्ताबारे नकारात्मक, अपशब्दयुक्त र बेइज्जती गर्ने अभिव्यक्ति दिएका थिए। उनले विभिन्न मुद्दामा रकम लेनदेन गरी फिर्ता लिने गरेको भनी झूटा भिडियो बनाएको र त्यही आधारमा अन्तर्वार्ता दिएर आधारहीन आरोप लगाएको पाइएको प्रहरीले जनाएको छ।

महान्यायाधिवक्ताको कार्यालयबाट प्रमाणसहित कारबाहीका लागि पत्राचार भएपछि प्रहरीले अनुसन्धान थालेको थियो। अनुसन्धानका क्रममा सफलले तथ्यहीन कुरा सार्वजनिक गरेको देखिएपछि उनलाई पक्राउ गरिएको प्रवक्ता भट्टराईले बताए।

प्रहरीका अनुसार सफललाई काठमाडौं जिल्ला अदालतबाट तीन दिनको म्याद थप गरी अनुसन्धान शुरु गरिएको छ। अभिव्यक्तिका कारण सार्वजनिक पदमा रहेका निकायको प्रतिष्ठामा आँच पुग्ने र भ्रम फैलाउने काम भएको ठहर गर्दै कानूनी कारबाही अघि बढाइएको प्रहरीको भनाइ छ।

## बैंकिङ कसुरमा फरार महिला नियन्त्रणमा

**काठमाडौं, माघ १३।** बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-७ हरहर महादेव बस्ने गुल्मी क्षेत्र नगरपालिका-२ घर भएकी ३५ वर्षीया ममता कुँवरलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला अदालत काठमाडौंको गतवैशाख २१ गतेको फैसलाले उक्त मुद्दामा १ लाख ६३ हजार ५ सय रूपैयाँ जरिवाना, ६ हजार ५ सय ४० रूपैयाँ पीडित राहत कोषमा क्षतिपूर्ति जम्मा गराउने र ३ दिन कैद सजाय ठहर भई फरार रहेकी उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-७ हरहर महादेवबाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ।

## एकै परिवारका तीन जना ब्राउनसुगर कारोबारमा

**इटहरी, माघ १३।** इटहरीबाट लागूऔषध खैरो हेरोइन (ब्राउन सुगर)सहित एकै परिवारका ३ जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा इटहरी उपमहानगरपालिका-१७ पकलीकी ३५ वर्षीया जैतुन खातुन, उनका छोरा १९ वर्षीय मोहमद सैफुदिन र नन्द ३५ वर्षीया मञ्जिना खातुन रहेका छन्।

प्रहरीका अनुसार मस्लाउदिन मियाँको घरमा लागूऔषधको कारोबार भइरहेको विशेष सूचनाका आधारमा सोमबार लागूऔषध नियन्त्रण व्यूरो विराटनगर र इलाका प्रहरी कार्यालय पकलीबाट टोली खटिएको थियो।

मियाँको घरमा छापा हानेर प्रहरीले उनकी पत्नी, छोरा र बहिनीलाई पक्राउ गरेको हो। घर खानतलासी गर्ने क्रममा लुकाइछिपाइ राखिएको अवस्थामा १० ग्राम ३ सय ५० मिलिग्राम ब्राउन सुगर बरामद भएको सुनसरी प्रहरीका प्रवक्ता डीएसपी चन्द्रबहादुर खड्काले जानकारी दिए। उनका अनुसार ९० हजार रूपैयाँ नगद पनि बरामद भएको छ। पक्राउ परेकाहरुलाई इलाका प्रहरी कार्यालय पकलीमा राखेर थप अनुसन्धान अघि बढाइएको छ।

# यातायात कार्यालय सुधारका लागि १० बुँदे निर्देशन

**विराटनगर, माघ १३।** कोशी प्रदेशसभाको न्याय, प्रशासन तथा विधायन समितिले प्रदेशका यातायात व्यवस्था कार्यालयहरूको स्थलगत अनुगमनपछि तयार पारेको प्रतिवेदन र सुझावसहितको १० बुँदे निर्देशन सरकारलाई बुझाएको छ।

समितिको बैठकपछि समितिकी सभापति कमला दर्नालले आन्तरिक मामिला तथा कानूनमन्त्री इन्द्रमणि पराजुलीलाई प्रतिवेदन हस्तान्तरण गरेकी हुन्। प्रतिवेदनमा इटहरीस्थित यातायात व्यवस्था कार्यालयको अवस्थालाई गम्भीर रूपमा चित्रण गरिएको छ। प्रतिवेदन अनुसार 'जेन-जी' आन्दोलनका क्रममा भएको आगजनीबाट कार्यालयका महत्वपूर्ण दस्तावेज र अभिलेख जलेर नष्ट भएका छन्। त्यसकारण सवारीसाधन नामसारी, नवीकरण तथा लाइसेन्स वितरणजस्ता संवेदनशील सेवामा गम्भीर समस्या देखिएको उल्लेख छ।

हाल कार्यालयले झ्याल-ढोकामा पाल टाँगेर सेवा प्रवाह गरिरहेको जनाइएको छ। उदयपुरमा लाइसेन्स वितरण गर्ने कार्यालय र सवारीतर्फको कार्यालय टाढा-टाढा रहेकाले सेवाग्राहीले कठिनाइ भोग्नुपरेको




र दुवै कार्यालयलाई नजिकै व्यवस्थापन गर्न समितिले सुझाव दिएको छ।

धनकुटा, बिराटनगर र ओखलढुङ्गाका यातायात कार्यालयहरू भाडाको साँघुरो भवनमा सञ्चालन हुँदा पार्किङमा समस्या देखिएको प्रतिवेदनमा उल्लेख छ। धनकुटा, इलाम र उदयपुरका कार्यालयमा बैङ्कको उपस्थिति नहुँदा सङ्कलित नगद राजश्व साँझ बैङ्कसम्म पुर्‍याउँदा सुरक्षा चुनौति उत्पन्न भएको समितिको ठहर छ।

कानूनी तथा प्रक्रियागत सुधारका सन्दर्भमा, विदेशमा रहेका सवारीधनीको स्वामित्व हस्तान्तरणमा विद्यमान कानुनी व्यवस्थाले अवरोध सिर्जना गरेको गुनासो आएपछि त्यसमा संशोधन गर्न निर्देशन दिइएको छ। अपाङ्गता भएका व्यक्तिले चलाउने अपाङ्गमैत्री सवारीका लागि लाइसेन्स वितरण सम्बन्धी स्पष्ट कानूनी व्यवस्था गर्न तथा विद्युतीय सवारीको प्रयोगात्मक परीक्षा (ट्रायल) विद्युतीय साधनबाटै लिन पाउने व्यवस्था मिलाउन समितिले सरकारलाई निर्देशन दिएको छ।

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन र नियमावली बने पनि मजदुर सङ्गठनका प्रतिनिधि मनोनयन नहुँदा 'यातायात व्यवस्थापन समिति' पूर्ण नहुँदा काम प्रभावित भएको प्रतिवेदनमा औँल्याइएको छ। अतिरिक्त समय काम गर्ने करार कर्मचारीले रु. पाँच हजार महंगी भत्ता नपाउँदा मनोबल खस्किएको र त्यसले सेवा प्रवाहमा असर परेको निष्कर्ष समितिले निकालेको छ।

समितिले नागरिक सहायता कक्षलाई थप व्यवस्थित बनाउन, प्रविधिमा सुधार गर्न तथा भौतिक संरचना निर्माणका लागि आवश्यक बजेट तत्काल सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

## अभिभावकविहीन बालबालिकाको सहारा बन्दै रोङ





**इलाम, माघ १३।** इलामका कैयौँ अभिभावकविहीन बालबालिका सडकमा पुगेका छन्। केही घरेलु मजदुर बनेका छन्। उनीहरू शिक्षाबाट बञ्चित मात्र भएका छैनन्, अभिभावकको सहारा नपाउँदा दुर्व्यवहार सहन पनि बाध्य छन्, कोही कुलतमा फस्ने गरेका छन्।

इलामको रोङ गाउँपालिकाले सहाराविहीन बालबालिका लागि उदाहरणीय काम शुरु गरेको छ। रोङमा अध्यक्षसँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रम अन्तर्गत बालबालिकाको अभिभावकत्व ग्रहण गरिएको छ। सो कार्यक्रमलाई उद्यमशीलतामा जोडेर अगाडि बढाइएको गाउँपालिका अध्यक्ष मनिकुमार स्याङ्बोले बताए। कार्यक्रम अन्तर्गत एक रुपैयाँ बचत कार्यक्रम, अभिभावकविहीन विद्यार्थी सहयोग कार्यक्रम, विद्यार्थी उद्यमशीलता कार्यक्रम र बिद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ।

एक रुपैयाँ बचत कार्यक्रमअन्तर्गत पालिकाभित्रका बालबालिकाको बैङ्क खाता सञ्चालन गरेर दैनिक रु. एक बचत गाउँपालिकाले गरिदिएको छ। पालिकाले हालै अभिभावकबिहीन विद्यार्थी सहयोग कार्यक्रम शुरु गरेको हो। कार्यक्रम अन्तर्गत गाउँपालिकाले अभिभावकविहीन ३८ जना बिद्यार्थीलाई कक्षा १२सम्मको पठनपाठनको व्यवस्था गर्नेछ। गाउँपालिकाले प्रत्येक विद्यार्थीको रु. पाँच लाख बराबरको जीवन बीमा गर्ने भएको छ।

## चुनावका कारण सर्‍यो 'कल्ली', अझै छन् ४ फिल्म




फागुन २१ को निर्वाचनले त्यस महिनामा प्रदर्शनम मिति तोकिएका फिल्मका मेकरहरु समस्यामा परेका छन्।

चुनावी माहोलमा फिल्मको प्रचार हराउन सक्ने जोखिमका कारण उनीहरु निर्वाचन वरपर फिल्म प्रदर्शनमा ल्याउन निकै सोच विचार गरिरहेका छन्। एक फिल्मको प्रदर्शन अनिश्चितकाललाई रोकिएको छ। नायकहरु सौगाल मल्ल, अपर्ण थापा, नायिकाहरु बेनिशा हमाल र वर्षा शिवाकोटी शीर्ष भूमिकामा रहेको फिल्म 'कल्ली'को प्रदर्शन स्थागित भएको हो।

फागुन १ गते प्रदर्शन मिति तोकिएको यस फिल्म चुनावपछि नयाँ सरकार बनेर स्थिति सामान्य भएपछि मात्रै हलमा लाग्ने निर्माण कम्पनी लेकाली इन्टरटेन्मेटले बिज्ञप्तिमार्फत् दर्शकलाई जानकारी दिएको छ।

विज्ञप्तिमा लेखिएको छ- 'मुलुकमा नयाँ सरकारको गठन र निर्वाचनपछिको सहज वातावरण बने लगत्तै हामी 'कल्ली'को नयाँ प्रदर्शन मिति घोषणा गर्छौं।' अर्थात् यो फिल्मको प्रदर्शन मिति अनिश्चितकालका रोकिएको हो।

'कल्ली'सहित ५ फिल्मले फागुन १ लाई प्रदर्शन मिति तोकेका थिए। अन्य चार फिल्म भने मौन नै छन्। फिल्महरु 'श्री बुकुरो', 'लालीबजार', 'बिगुल' र 'शिवांश'ले फागुन १ लाई नै प्रदर्शन मिति तोकेका छन्।

## बक्स अफिसमा 'गोबर गणेश' हाबी

माघे संक्रान्तिको दिन तीन चर्चित कलाकारका फिल्मबीच बक्स अफिसमा प्रतिस्पर्धा भएको थियो। सो मितिमा दयाहाङ राई अभिनित 'मिरमिरे', सौगात मल्ल अभिनित 'भाइरल गोर्खे' र मरिचमान श्रेष्ठ 'बल्छी धुर्वे' अभिनित तथा निर्देशित फिल्म 'गोबर गणेश' एकैसाथ प्रदर्शनमा आएका थिए। तर, यी तीनवटै फिल्म अपेक्षित रूपमा व्यापार गर्न असफल भएका छन्।

रोचक चाहिँ के छ भने 'सुपरस्टार' कहलिएका दयाहाङ र सौगातको फिल्ममाथि घरेलु बक्स अफिसमा 'बल्छी धुर्वे'को फिल्म हाबी देखिएको छ। 'मिरमिरे' र 'भाइरल गोर्खे' ले व्यापारभन्दा लगभग दोब्बर कमाइ 'गोबर गणेश'ले गरेको छ। चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको बक्स अफिस विवरणमा यो फिल्मको १० दिनको कुल व्यापार १ करोड १४ लाख रुपैयाँ ग्रस छ।

'मिरमिरे' र 'भाइरल गोर्खे'ले भने १० दिनमा ४० लाख पनि कमाएका छैनन्। 'भाइरल गोर्खे'ले १० हजार ६०५ वटा टिकट बिक्री गर्दै ३४ लाख ५३ हजार




ग्रस कमाएको छ भने १० हजार ८१३ वटा टिकट बिक्रीसहित 'मिरमिरे'ले ३३ लाख ७२ हजार रुपैयाँ ग्रस व्यापार गरेको छ। यसरी हेर्दा यी दुई फिल्मले कलाकारलाई तिरेको पारिश्रमिक पनि उठाउन नसक्ने देखिन्छ।

बोर्डले गतपुस ४ गते प्रदर्शन भएको कलाकार अर्जुन घिमिरे 'पाँडे' निर्देशित फिल्म 'झरीपछिको इन्द्रेणी'को पनि बक्स अफिस विवरण सार्वजनिक गरेको छ। यसले माघ १० गते शनिबारसम्म ३९ हजार २१७ वटा टिकट बिक्री गर्दै १ करोड २३ लाख ८८ हजार ८२९ रुपैयाँ ग्रस कमाइ गरेको छ। यो फिल्म व्यावसायिक रूपमा असफल भइसकेको छ।

## करणी आरोपमा नाबालकसहित दुई जना पक्राउ

**उदयपुर, माघ १३।** जबरजस्ती करणी गरेको अभियोगमा उदयपुर प्रहरीले एक नावालक सहित दुई जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार यही माघ ९ गते त्रियुगा नगरापालिका वडा नम्बर ११ पिपल चोकमा डेरा गरी बस्ने अन्दाजी १६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा नाबालक सहित दुई जना पक्राउ परेका हुन्। साँझको समयमा बालिकालाई जबरजस्ती करणीको अभियोगमा त्रियुगा नगरपालिका वडा नम्बर १३ का १९ बर्षीय बिकल दनुवार र सोही ठाउँका एक नाबालकलाई प्रहरीले नियन्त्रण लिएर पाँच दिनको म्याद थप गरेको जनाइएको छ।

जबरजस्ती करणी गरेको अभियोग लागेका थप एक जना १६ बर्षीय बालक भने अझै फरार रहेको समेत प्रहरीले जनाएको छ। अभियोग लागेका फरार व्यक्तिको खोजी कार्य भई रहेको समेत प्रहरीले जानकारी दिएको छ।

## गाँजासहित पक्राउ

**विराटनगर, माघ १३।** मोरङ र सुनसरीबाट लागू औषध गाँजासहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

माघ १२ गते सुनसरीको इनरुवा नगरपालिका-६मा चेकजाँचको क्रममा अस्थायी प्रहरी पोष्ट सखुवागाछीले को.२ह ६१२५ नम्बरको अटोबाट ९९ किलो १ ग्राम गाँजा बरामद गरेसँगै चालक धनकुटा चौबीसे गाउँपालिका-७का साजन लिम्बू र अटोमा सवार गगन लिम्बूलाई नियन्त्रणमा लिएको छ।

यसैगरी मोरङको अस्थायी प्रहरी चौकी कुशलबजारले पथरीशनिश्चरे-८का जीवन नुनियालाई ७०० ग्राम गाँजा सहित नियन्त्रणमा लिएको छ। गाँजासहित पक्राउ परेका उनीहरुको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## बालबालिकालाई चुनावी प्रचारमा प्रयोग गरिएकामा ध्यानाकर्षण

**काठमाडौँ, माघ १३।** बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले निर्वाचन आचारसंहिता विपरीत बालबालिकालाई चुनावी प्रचारप्रसारमा प्रयोग गरिएका क्रियाकलापप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

आशन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवारी मनोनयन दर्ता सकिएसँगै बालबालिकालाई जुलुसमा सहभागी गराइएको, राजनीतिक दलको चुनाव चिन्ह र उम्मेदवारको तस्वीर भएको टिसर्ट लगाई प्रयोग गरिएको, पार्टी कार्यालय र सम्पर्क कार्यालयमा विद्यालय पोशाकमै बालबालिकाको उपस्थित गराइएको,



दलगत प्रचारप्रसारका लागि झण्डा बोकाई बालबालिकाको प्रयोग गरिएको समाचार आएको भन्दै सो अभियानले आपत्ति जनाएको हो।

आचारसंहिताको प्रभावकारी अनुगमन र कारवाहीका लागि सिजपले निर्वाचन आयोगलाई आग्रह पनि गरेको छ।

सो अभियानका अध्यक्ष तिलोत्तम पौडेलले 'बालबालिका र विद्यालय शान्ति क्षेत्र हुन्' भन्ने मान्यतालाई चुनौती दिँदै कानून विपरीत हुने गरी गरिएका यस्ता क्रियाकलापको बिरोध गर्दै बालबालिकाको दलगत प्रयोग बन्द गर्न तथा बालबालिका र विद्यालयलाई शान्ति क्षेत्रका रूपमा विकास गर्न आग्रह गरे।

बालबालिका सम्बन्धी ऐन, २०७५ र विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८को विरुद्ध हुने गरी गरिएका यस्ता क्रियाकलापले बालबालिकाको मनोभावना, उनीहरूको सुरक्षाका साथै विद्यालयको शैक्षिक कार्यक्रममा प्रत्यक्ष असर पार्नुका अतिरिक्त बालबालिकाको भविष्य तथा सिङ्गो समाजलाई दूरगामी रूपमा नकारात्मक असर पर्ने पौडेलको भनाइ रहेको छ।

### झापा ...

शिवराम गेलालले व्यवस्थापन पक्षलाई मजबुत बनाउन सुझाव दिए। अन्तरक्रियामा सशस्त्र प्रहरीको पाथीभरा तालिम शिक्षालयका प्रमुख सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक रमेश पाण्डे, झापा प्रहरी प्रमुख प्रहरी उपरीक्षक बसुन्धरा खड्का, सशस्त्र प्रहरी २ नम्बर गणका प्रमुख तुलाबहादुर भण्डारी, इलाका प्रहरी कार्यालय अनारमनीका प्रमुख बिजय श्रेष्ठले आ-आफ्नो सुझाव दिएका थिए।

त्यस्तै, गोल्डकपले प्रतियोगिताका सल्लाहकारहरुसँग पनि अन्तरक्रिया गरेको छ। उनीहरुले गोल्डकपको गरिमालाई अझ अभिवृद्धि हुने गरी सातौं संस्करण सञ्चालन गर्न सुझाव दिएका थिए। गोल्डकपका अध्यक्ष केदार गिरीको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष गजेन्द्रबहादुर पौडेलले स्वागत गरेका थिए। अन्तरक्रियाको सहजीकरण सचिवालय सदस्य केशव भट्टराईले गरेका थिए।

### मत माग्दा ...

जनतालाई बुझाउन नसकिएको बताउँछन्। जनताका अपेक्षा र संविधानले दिएको जिम्मेवारीबीच खाडल रहेको छ। यसबारे मतदातालाई सुसूचित गराउन सकिएको छैन। साना विकासदेखि ठूला विकासका आयोजना सांसदले गर्नुपर्ने र त्यसैका आधारमा सांसदको मूल्याङ्कन भएको स्थिति छ- पर्वत जिल्लामा प्रतिनिधिसभा सदस्य उम्मेदवार रहेका नेता गिरीले भने- यो खालको बुझाइ सङ्घीयता कार्यान्वयनको ठूलो चुनौतिको विषय बनेको छ। त्यसकारण सांसदको जिम्मेवारी र भूमिका बुझ्ने र बुझाउने सवालमा सञ्चारमाध्यमले अभियानकै रूपमा बुझाउन आवश्यक छ। नत्र मतदाताले विकास निर्माण नहुँदा सांसदले गरेरन् भन्ने बुझाइ राखिरहेका हुन्छन्।

गिरीले जनताले कस्ता र कति कानुन बनाइयो भन्नेभन्दा के कति विकास निर्माण भयो भन्ने आधारमा मूल्याङ्कन गर्दै आएका र भोलि कस्तो कानून बनाउँछन् भन्ने नभई खेलमैदान, धारा, विद्यालय आदिको निर्माण कसरी गर्छन् भन्ने प्रश्न जनताबाट आइरहेको अनुभव सुनाए।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)मा पूर्वसांसद माधव सापकोटा पनि संविधानमा सांसदको काम, कर्तव्य, अधिकार के छ ? त्यो कुरा उजागर गर्नुपर्नेमा जोड दिन्छन्। सांसद भनेको विधायक हो, सांसद हुनुका नाताले जनताका सरोकारका कुरा त सांसदले उठाउनुपर्छ तर विकासका आयोजनामा प्रत्यक्षतः सांसदको भूमिका हुँदैन- सिन्धुपाल्चोक क्षेत्र नं. १ का उम्मेदवार नेता सापकोटाले भने- अहिले पनि मतदाता र उम्मेदवारको ध्यान पूर्वाधार विकास निर्माणमा रहेको देखिन्छ। सांसद विकासे प्रतिनिधि होइन, विधि निर्माणकर्ता हो। संविधानले तीन तहको सरकारका कार्यभार तोकेर कस्ता आयोजना कुन सरकारको कार्यक्षेत्रमा पर्ने स्पष्ट नै गरेको छ। उनले अब बन्ने संसद्बाट मुलुकभित्रका मुख्य समस्याको समाधानका लागि कस्तो गुणस्तरीय र जनउत्तरदायी विधि आवश्यक छ र त्यो कसरी बनाउने भन्ने सङ्कल्प उम्मेदवारले गर्नुपर्ने जनाए।

राष्ट्रिय स्वतन्त्र पार्टीका निवर्तमान सांसद असिम शाह उम्मेदवारले उम्मेदवारले घर-दैलो गर्दा आफ्ना क्षेत्रका नागरिकलाई 'सांसद भनेको बाटो र पुल बनाउने व्यक्ति होइन, देशका लागि कानून बनाउने जिम्मेवार प्रतिनिधि हो' भन्ने कुरा बुझाउन र त्यसपछि मात्रै संसदीय चुनावको औचित्य पुष्टि हुने बताए।

मतदाताले नबुझेका हुन् भने बुझाउनु उम्मेदवारको कर्तव्य हो र उम्मेदवारले कुरा बुझेको भएर पनि चेतना नफैलाउनु भनेको स्पष्ट बेइमानी हो- नेता शाहले भने। उनले सांसद् संसद्मा नीति, कानुन बनाउन जाने हो भन्नेमा स्पष्ट हुनुपर्नेमा जोड दिए। फोहोरमैलाको समस्या छ भने उठाउने काम सांसदको होइन, दीर्घकालीनरूपमा त्यो समस्या कसरी समाधान गर्ने भन्नेमा लाग्ने उसको दायित्व हो- उनले भने।

### कछुवा ...

महानगरपालिका-३ धोबीघाट पक्राउ गरेको हो। प्रहरीले उनको साथबाट ६ वटा जीवित कछुवा समेत बरामद गरेको छ।

उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि डिभिजन वन कार्यालय गोदावरी ललितपुरमा बुझाइएको छ।

### सुनका ...

बस्ने कोठामा लुकाएर राखेको बताएपछि प्रहरीले खानतलासी गरेको थियो। सो क्रममा १ जोर सुनको झुम्का, १ थान चुरा, १ थान औँठी र नौगेडीका केही दाना बरामद गरिएको प्रहरीको भनाइ छ।

यसैक्रममा नौगेडीका दुई दाना कमलबहादुरले आफ्ना बुबा नरबहादुर रञ्जीतकारलाई राख्न दिएको खुलेपछि नरबहादुरलाई पनि दमक-१ बाट पक्राउ गरिएको हो। उनको शरीर तथा घर खानतलासी गर्दा जिन्स पाइन्टको गोजीबाट नौगेडीका दुई वटा दाना फेला परेको प्रहरीले जनाएको छ।

त्यसपछि कमलबहादुरको घरमा खानतलासी गर्ने क्रममा उनकी श्रीमती सन्ध्या हिङ्माङले झ्यालबाट शङ्कास्पद वस्तु फालेको देखिएपछि खोजी गर्दा सेतो बट्टाभित्र १ ग्राम ५० मिलिग्राम ब्राउनसुगर फेला परेको प्रहरीले जानकारी दिएको छ। पक्राउ परेकामाथि चोरी र लागूऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।




श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# निर्वाचनले निकाश दिनुपर्छ

**दलहरुको अकर्मण्यता र स्वेच्छाचारिताले सृजना गरेको विशेष परिस्थितिमा आउँदो फागुन २१ गते निर्वाचन हुँदैछ । युवा पुस्ताको त्यही असन्तुष्टिले भएको बिद्रोहले उत्पन्न यस्तो परिस्थितिका निम्ति जिम्मेवार दलहरु नै अहिले मतदातासँग मत माग्न व्यस्त छन् । मतदातासँग मत माग्न जानु अघि नै क्षमा याचना गर्नुको साटो जेन–जी आन्दोलनको बारेमा नकारात्मक टिप्पणी गर्नुले दलहरु नै इमान्दार छैनन् भन्ने बुझ्न कठिन छैन । अनि पनि मुलुकलाई गन्तव्यमा हिंडाउन राजनीतिक प्रणालीकै भर पर्नुपर्ने हुन्छ । त्यसैका लागि हुन लागेको प्रतिनिधिसभा निर्वाचनमा जनताले पनि बुद्धिमत्तापूर्ण निर्णय गर्नुपर्छ ।**

**दलहरुले विगतमा ठूला–ठूला वाचा गरे, आशा जगाए र भरोसा दिलाए । तर, कार्यान्वयनमा बेइमानी प्रदर्शन गर्दा असमयमै सत्ता त्याग्नु पर्‍यो । उनीहरु जनहितभन्दा सत्ता प्राप्ति र पदको दुरुपयोगमा रमाए भनेर असन्तुष्टि जनाएका जनताले यतिखेर पनि मतको सदुपयोग गर्न सकेनन् भने अपेक्षा गरेको सुशासनको अनुभूति गर्न पाउने छैनन् । सत्तामुखी चरित्र बदल्ने यो सु–अवसर हो जनताका लागि, त्यसैले मत माग्न आउने उम्मेदवारलाई नीति र कार्यक्रमका बारेमा प्रश्न गर्नुपर्छ । दलहरुले पनि घोषणापत्र मार्फत आफ्ना प्रतिबद्धता जनतामाझ जाहेर गर्नुपर्छ । त्यही घोषणापत्रमा आफूले गर्ने काम र कार्यक्रम लागू गर्ने विश्वास दिलाउनुपर्छ ।**

**विगतमा दलहरुले घोषणापत्र मार्फत आफ्ना नीति कार्यक्रम र गन्तव्य नदेखाएका होइनन् । तर, सत्तामा पुग्दा होस वा बाहिर रहँदा अथवा प्रतिपक्षमा बस्दा घोषणा गरेका प्रतिबद्धता बिर्सिएका थिए । निर्वाचन आउन अब केबल सवा महिना अर्थात् सैंतीस दिन बाँकी छ । यसबीचमा प्रमुख, पुराना, ठूला भनिएका दलहरुले पनि घोषणापत्र सार्वजनिक गरेका छैनन् । उम्मेदवार व्यक्तिको प्रभावमा मत माग्नुले देश नीतिमा चल्ने होइन बरु व्यक्ति प्रधान हुने जोखिम रहन्छ ।**

**संसद्को जिम्मेवारी सरकार बनाउने हो, नीति र कानून निर्माण गर्ने हो । त्यो सँगै जनप्रतिनिधि हुनुको जिम्मेवारी अनुसार जनताका सरोकार र चाहनाका विषयमा सरकारलाई सचेत गराउनु पनि सांसदको कर्तव्य हो । त्यसैले निर्वाचनमा गएका दलहरुले घोषणापत्र सार्वजनिक गर्दै जनता समक्ष मत माग्नु पर्छ । त्यसो भयो भने मतदाताले उनीहरुको मूल्यांकन गर्न पाउँछन् । निर्वाचित प्रतिनिधिहरु र स्वयम् दल पनि जनताप्रति उत्तरदायी हुन्छन् । त्यस्ता जनउत्तरदायी प्रतिनिधि मार्फत मात्रै युवापुस्ता लगायत आमजनताका असन्तुष्टि, अपेक्षाको सम्बोधन हुन्छ र देशले पनि समृद्धिको बाटो पहिल्याउन सक्छ ।**

# स्वच्छ ऊर्जाको कार्यान्वयनबाट हरित अर्थतन्त्र विकास





**नवराज ढकाल**

विश्व तापमान वृद्धिको प्रमुख कारक तत्वका रुपमा रहेको हरितगृह ग्यास/कार्बन उत्सर्जन सम्बन्धी अन्तरराष्ट्रिय दृष्टिकोणलाई हेर्दा विश्वको कुल उत्सर्जनमा ऊर्जा क्षेत्रको हिस्सा करिब ७६ प्रतिशत रहेको पाइन्छ। जलवायु परिवर्तन तथा कार्बन वित्त परिचालन सम्बन्धमा अन्तर्राष्ट्रिय परिवेशलाई दृष्टिगत गर्दा जलवायु परिवर्तन सम्बन्धी अन्तर सरकारी संस्था (इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज, आइपिसिसी)को प्रतिवेदन, २०२३ अनुसार तापमानलाई १.५ डिग्री सेल्सियस र दुई डिग्री सेल्सियसको बीचमा सीमित राख्नका लागि हरित गृह ग्यास उत्सर्जन न्यूनीकरणका उपायहरुलाई थप प्रभावकारी बनाउनु जरुरी देखिन्छ।

विश्वव्यापी रुपमा खुद शून्य हरित गृह ग्यास उत्सर्जनको अवस्था हेर्दा सन् २०१९ को उत्सर्जन सन् २०१० को भन्दा १२ प्रतिशतले वृद्धि भएको पाइन्छ। हरित गृह ग्यास उत्सर्जनका सबै क्षेत्रबाट उत्सर्जन न्यूनीकरणलाई उच्च प्रभावकारिताका साथ अवलम्बन गरेर मात्र खुद शून्य कार्बन उत्सर्जन वा खुद शून्य हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको लक्ष्य हासिल गर्न सकिन्छ। तसर्थ, विश्व तापमान वृद्धिले खतराको सीमा पार गर्नु अगावै यसको उचित नियन्त्रण गर्न तत्काल हरित गृह ग्यास उत्सर्जन न्यूनीकरण सम्बन्धी कार्यहरुलाई द्रूततर एवम् गम्भीर ढङ्गले अघि बढाउनु अपरिहार्य देखिन्छ। ऊर्जा क्षेत्रमा न्यून कार्बनीकरण वा 'डिकार्बनाइजेसन' भन्नाले ऊर्जाको उत्पादन, वितरण तथा उपभोगबाट हुने हरित गृह ग्यास उत्सर्जनलाई न्यूनीकरण गर्दै अन्ततः पूर्णरुपमा हटाउने प्रक्रियालाई बुझिन्छ।

ऊर्जा क्षेत्रमा डिकार्बनाइजेसनका मुख्यतया तीनवटा उपाय रहेका छन् :

इन्धन रुपान्तरण (फ्युल स्विचिङ),

राष्ट्रिय प्रसारण (ग्रिड) लाइनको सबलीकरण र

ऊर्जा दक्षता।

फ्युल स्विचिङ भनेको परम्परागत ऊर्जा र खनिज इन्धनबाट सञ्चालित प्रविधिहरु (सवारीसाधन, मेसिनरी, घरायसी उपकरण विशेषगरी खाना पकाउने प्रविधि) लाई स्वच्छ ऊर्जाबाट सञ्चालन गर्नु हो। फ्युल स्विचिङका प्रमुख क्षेत्रहरुमा घरायसी, यातायात, उद्योग र कृषि रहेका छन्।

राष्ट्रिय प्रसारण (ग्रिड) लाइनको सबलीकरण भनेको मौसमी सन्तुलन, आयात न्यूनीकरण, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति, विद्युतीय पूर्वाधारहरुको स्तरोन्नतिको माध्यमबाट ग्रिडलाई हरितगृह ग्यास उत्सर्जन मुक्त बनाउनु हो। अर्थात् हामीले उपयोग गर्ने (स्वदेशमै उत्पादित विद्युत् वा आयात गरिएको) विद्युत् परम्परागत खनिज इन्धनमा आधारित नभई शून्य कार्बन स्रोत जस्तैः सौर्य ऊर्जा, वायु ऊर्जा, जलस्रोतमा आधारित रहेको सुनिश्चितता गर्नु हो। ऊर्जा दक्षता भनेको ऊर्जा दक्ष उपकरण, ग्रिड र औद्योगिक मेसिनरीको उपयोगबाट कुनै वस्तु वा सेवाको उत्पादनमा लाग्ने ऊर्जाको परिमाणलाई कम गर्नु हो।

स्वच्छ ऊर्जाको कार्यान्वयनबाट नेपालको हरित अर्थतन्त्र विकासका लागि स्वच्छ खाना पकाउने ऊर्जा, वितरित नवीकरणीय ऊर्जा, विद्युतीय सवारी (ई-मोबिलिटी), आधुनिक र कृषि क्षेत्रमा ऊर्जा दक्षता लगायत क्रियाकलापमा लगानीका सम्भावनाहरु रहेका छन्। अर्थतन्त्रको न्यून कार्बनीकरणका अवसर तथा चुनौतीहरु एवं मिश्रित लगानीबाट लिन सकिने लाभको पहिचान गर्न तथा स्वच्छ ऊर्जा क्षेत्रको लगानीलाई स्तरोन्नति गर्दै लैजानुपर्ने देखिन्छ। नेपालले राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुमा डिकार्बनाइजेसनलाई प्राथमिकतामा राखेको छ। तेस्रो राष्ट्रिय निर्धारित योगदान, दिगो विकास लक्ष्य, खुद शून्य उत्सर्जन सम्बन्धी नेपालको दीर्घकालीन रणनीति, सोह्रौं योजना, ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१ लगायत दस्तावेजहरुमा डिकार्बनाइजेसन सम्बन्धी लक्ष्यहरु समेटिएका छन्।

**स्वच्छ ऊर्जा दिवसको आयोजना**

संयुक्त राष्ट्रसङ्घले पृथ्वी र पृथ्वीमा बसोबास गर्ने मानव तथा सम्पूर्ण प्राणीजगत्को हित गर्ने स्वच्छ ऊर्जाको न्यायपूर्ण र समावेशी रुपान्तरणका लागि सचेतना जगाउने र सोही बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्ने उद्देश्यका साथ सन् २०२३ मा घोषणा गरी २०२४ देखि हरेक वर्ष जनवरी २६ तारिखलाई अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसका रुपमा मनाउँदै आएको छ। यो दिवस विश्वभर विभिन्न कार्यक्रमहरु गरेर मनाउने गरिन्छ। नेपालमा यो दिवस मनाउने कार्य वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले गर्दै आएको छ।

केन्द्रले स्थापनाकालदेखि नै नवीकरणीय ऊर्जा प्रविधि विस्तार तथा ऊर्जा दक्ष प्रविधि र उपायहरुको प्रवर्द्धनको माध्यमबाट स्वच्छ ऊर्जाको पहुँच वृद्धि, ऊर्जा सेवालाई भरपर्दो, गुणस्तरीय र दिगो बनाउने तथा ऊर्जा सेवालाई आर्थिक क्रियाकलापहरुसँग सम्बद्ध गराई समावेशी आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउँदै आएको छ। यसका साथै नवीकरणीय ऊर्जा प्रविधिमा आधारित कार्बन परियोजनाहरुको विकास तथा हरित जलवायु कोषको प्रत्यक्ष पहुँच निकायका रुपमा समेत कार्य गर्दै आएको छ।

यसै सन्दर्भमा केन्द्रले ऊर्जा क्षेत्रका विभिन्न साझेदार संस्थाहरुको सहयोगमा 'स्वच्छ ऊर्जाको कार्यान्वयनबाट नेपालको हरित अर्थतन्त्र विकास सम्बन्धी राष्ट्रिय सम्मेलन' आयोजना गरेको छ। स्वच्छ ऊर्जा तथा जलवायु परिवर्तन सम्बन्धी लक्ष्यमा योगदान पुऱ्याउने उद्देश्यले आयोजित यस कार्यक्रम गत वर्ष आयोजना गरिएको 'उत्थानशील एवम् न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रुपान्तरणसम्बन्धी सम्मेलन'को निरन्तरता पनि हो। तथापि यस वर्षको सम्मेलनले न्यून कार्बनीकरणको व्यावहारिक पक्षमा जोड दिँदै बहसलाई व्यवहारमा रुपान्तरण गर्ने उद्देश्य लिएको छ।

सम्मेलनले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता एवं जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तरराष्ट्रिय सरकारी/गैरसरकारी निकाय, प्रदेश सरकार तथा स्थानीय तह, अनुसन्धानमूलक/प्राज्ञिक संस्था, विकास साझेदार संस्था, लगानीकर्ताहरु, यस क्षेत्रका अभ्यासकर्ता, निजी क्षेत्र, सञ्चारजगत्, नगारिक समाज एवं क्षेत्रगत विज्ञहरु एउटै मञ्चमा उपस्थित भई स्वच्छ ऊर्जाको कार्यान्वयनबाट हरित अर्थतन्त्रको विकासमा तीव्रता दिनका लागि रणनीतिक दृष्टिकोण सम्बन्धी छलफल/अन्तरक्रिया गर्ने अवसर जुटाउने छ।

**स्वच्छ ऊर्जा प्रवर्द्धनमा केन्द्रको पहल**

स्वच्छ ऊर्जाको माध्यमबाट नेपालको न्यून कार्बन विकास, सामाजिक आर्थिक समुन्नति र हरित अर्थतन्त्र विकासमा केन्द्रको महत्त्वपूर्ण योगदान रहँदै आएको छ। केन्द्रले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा हासिल गरेका उपलब्धिहरुले न्यून कार्बनीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। सरकारले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रुपान्तरणका कार्यहरुलाई अघि बढाउन बलियो कानूनी आधार खडा गर्ने उद्देश्यका साथ नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अघि बढाएको छ। यस क्षेत्रमा हासिल गरेका उपलब्धिहरुलाई संस्थागत गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई ऐनको रुप दिने कार्यलाई निर्वाचित संसदले पारित गर्ने विश्वास गरिएको छ।

केन्द्रले हालसम्म लघु तथा साना जलविद्युत्, सुधारिएको पानीघट्ट, सौर्य/सौर्य-वायु मिनिग्रिड, घरेलु सौर्य विद्युत् प्रणाली, संस्थागत सौर्य विद्युत् प्रणाली, सौर्य सडक बत्ती, मठ-मन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा प्रणाली, घरायसी बायोग्यास, संस्थागत, शहरी तथा व्यावसायिक बायोग्यास, सुधारिएको चुलो, विद्युतीय चुलो लगायत परिविधि विस्तारबाट समग्रमा देशको करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुऱ्याएको छ। कूल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब छ प्रतिशत रहेको छ। विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ। नवीकरणीय ऊर्जाको क्षेत्रमा पाँच सयभन्दा बढी कम्पनीहरु क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ।

साथै, केन्द्रले सन् २००५ देखि नवीकरणीय ऊर्जा प्रविधिमा आधारित कार्बन व्यापार सम्बन्धी कार्यको थालनी गरेको हो। केन्द्रले स्वच्छ विकास संयन्त्र अन्तर्गत आठवटा आयोजनाबाट हालसम्म कुल ६६ लाख ८० हजार मेट्रिकटन युनिट प्रमाणित कार्बन उत्सर्जन न्यूनीकरण उत्पादन गरी कार्बन व्यापार मार्फत करिब ३६.०११ मिलियन अमेरिकी डलर आम्दानी गरेको छभने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित गरेको छ। नेपालको संविधानले लिएको समावेशी आर्थिक सामाजिक विकासको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जाको विस्तार र ऊर्जा दक्षताको बाटो अवलम्बन गरी स्वच्छ ऊर्जा रुपान्तरणको बाटो अपनाउनु अपरिहार्य रहेको छ। यसका लागि प्रभावकारी र परिणाममुखी सहकार्य जरुरी देखिन्छ।

(वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक ढकालसँग गरिएको कुराकानीमा आधारित।)

# विद्यालयका संस्थापक स्व. अधिकारी मरणोपरान्त सम्मानित

**सुरुङ्गा, माघ १३।** कनकाई नगरपालिका-३ स्थित कनकाई माध्यमिक विद्यालयको ६७औं वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा विद्यालयका संस्थापक स्व. जनमेजय अधिकारीलाई मरणोपरान्त सम्मान गरिएको छ।

२०१५ सालमा आफ्नो गाईगोठबाट विद्यालय स्थापना गर्ने स्वर्गीय अधिकारीलाई प्रदान गरिएको सम्मान कान्छा छोरा यदुनाथ अधिकारी र बुहारी टीका अधिकारीले ग्रहण गरेका थिए। वि.सं. १९८१ मा पाल्पाको तानसेनमा जन्मी जीवन संघर्षका क्रममा भारतको पूर्वोत्तर राज्य आसाम लगायत विभिन्न ठाउँमा जीवनोपयोगी अनुभव सँगाल्दै वि.सं. १९९९ देखि झापाको सुरुङ्गामा बसोबास गर्न थालेका समाजसेवी स्व.अधिकारीले शिक्षाले मात्र मानिसको जीवन बद्लिन्छ र समाज रूपान्तरण सम्भव हुन्छ भन्ने महान् सोचका साथ विद्यालय स्थापना गरेका थिए। उनीहरूलाई प्रमुख अतिथि स्थानीय सरकार कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल र विशेष अतिथि कनकाई नगरपालिका नगर शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख राजकुमार ओडारीले सम्मान गरेका थिए।

विद्यालय व्यवस्थापन समिति महासंघ नेपालका केन्द्रीय सदस्य एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रप्रसाद प्रसाईंको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका पूर्व प्रधानाध्यापक एवम् विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष, अग्रज साहित्यकार कोमलप्रसाद पोखरेल र पूर्व अध्यक्ष तथा सल्लाहकार संयोजक जनार्दन उप्रेतीलाई उनीहरूले गरेको विशिष्ट योगदानका लागि अभिनन्दन गरिएको थियो। सो अवसरमा पूर्व प्रधानाध्यापकद्वय निर्मलकुमार खतिवडा र गोपीकृष्ण भट्टराई एवम् सेवा निवृत्त शिक्षक बल्लभकुमार गौतमलाई सम्मान गरिएको थियो। कार्यक्रममा विद्यालयका पूर्व विद्यार्थी कनकाई नगर अस्पतामा कार्यरत डा.सुशम पाठकलाई सम्मान गरिएको थियो।

कार्यक्रममा विद्यालयमा स्मार्ट कम्प्युटर ल्याब स्थापना गरी २१ थान ब्रान्डेड डेस्कटप कम्प्युटर प्रदान गर्ने रोटरी क्लब अफ सुरुङ्गालाई कदरपत्रद्वारा सम्मान गरिएको थियो। सो सम्मान प्रेसिडेन्ट डिल्लीराम मैनाली र सेक्रेटरी रामप्रसाद निरौलाले ग्रहण गरेका थिए। त्यसैगरी, छायाँ नेपाल लगायतका गैरसरकारी संस्थासँग समन्वय गरी विद्यालयमा बहिरा विद्यार्थीका लागि एक करोड रुपैयाँको लागतमा सुविधासम्पन्न छात्रावास भवन निर्माणका लागि गरेको योगदानको मूल्याङ्कन गर्दै विशेष शिक्षा संयोजक जीवेन्द्र घिमिरेलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो।



सो अवसरमा शिक्षकहरू मन्दिरा सुवेदी, बिमला अधिकारी, अम्बिकाप्रसाद रिजाल, मोहन खतिवडा, सङ्गीता उप्रेती, निर्मलादेवी भट्टराई, पूजा न्यौपाने, जुना अधिकारी, शीतल रेग्मी र कर्मचारी नारद श्रेष्ठलाई सम्मान गरिएको थियो। कार्यक्रममा सञ्चारकर्मी ठोसखबर अनलाइनका सम्पादक चूडामणि तिम्सिना (सीएम)लाई पनि सम्मान गरिएको थियो। सबै शिक्षक, कर्मचारी र सञ्चारकर्मीलाई जनही पाँच हजार नगदले सम्मान गरिएको थियो।

कार्यक्रममा हालै सम्पन्न १६औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा विद्यालयलाई मार्चपासमा प्रथम स्थानसहित २९ स्वर्ण पदक, १७ रजत पदक र १५ कास्य पदक हासिल गरी नगर विजेता विद्यालयको रूपमा स्थापित गर्न अत्यन्तै महत्त्वपूर्ण योगदान गरेकोमा खेल संयोजक लक्ष्मीकान्त कर्ण, सहसंयोजक टीकाराम चिमरिया, आधारभूत तह संयोजक खेमराज भट्टराई, किशोर अधिकारी, लोकन्द्रराज दाहाल, किशोर महत, भूवन खतिवडा, केशव घिमिरे, ऋतु सोडारी, दुर्गादेवी पौडेल, सुबोध तिम्सिना, उमा राई, जीवन पौडेल, विशाल रेग्मी र गणेश सङ्ग्रौलालाई जनही दुई हजार नगदसहित सम्मान गरिएको थियो। विद्यालयका प्रधानाध्यापक कर्णबहादुर डाँगीले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए भने शिक्षक अभिभावक संघका अध्यक्ष खगमाया चापागाँईंले अभिभावकको तर्फबाट आफ्नो मन्तव्य राखेकी थिइन्।

कार्यक्रममा कनकाई तारा गायनतर्फ प्रथम उज्ज्वल अधिकारी, द्वितीय आशा ओली, तृतीय कुसुम ठटाल, कन्काई लिटल स्टार गायनतर्फ, प्रथम इप्सिका गुरागाँई, द्वितीय गृष्मा अधिकारी, तृतीय विनिता पौडेल, कनकाई तारा नृत्यतर्फ प्रथम गरिमा बस्नेत, द्वितीय अस्मी लिम्बू, तृतीय पूर्णिमा भुर्तेल, कन्काई लिटल स्टार नृत्यतर्फ पहिलो सुप्रिया कार्की, दोस्रो आयुषा अधिकारी, तेस्रो लाज्मा चौधरी, सान्त्वना स्थान ल्याउने प्रेसिका ओलीलाई विन्दा स्मृति अक्षयकोष र खुश्बू ओली प्रतिभा अक्षयकोषबाट पुरस्कृत गरिएको थियो।

शिक्षक प्रतिनिधि दिलिपकुमार खतिवडाले स्वागत गरेको कार्यक्रममा शिक्षक उर्मिला कोइरालाद्वारा लिखित तथा निर्देशित 'आखिर जिम्मेवार को हो ?' नामक सन्देशमूलक नाटक प्रदर्शन गरिएको थियो। विद्यालयकी योग शिक्षक निर्मला भट्टराईद्वारा संयोजित सूर्य नमस्कार तथा डम्बेल नृत्य प्रस्तुत गरिएको कार्यक्रममा विद्यार्थीहरू स्मारिका सापकोटा, इस्ता दवाडी, विनम बुढाथोकी, सुविज्ञा अधिकारी, स्वस्तिका गोश्वामी, वन्दना सेडाई, दिक्षक कोइराला, आयुष गिरी र प्रतीक्षा मिश्रले संस्कृत, नेपाली र अङ्गेजी भाषामा मन्तव्य राखेका थिए। शिक्षकद्वय लोकन्द्रराज दाहाल, स्काउट शिक्षक किशोर महत र कर्मचारी बुद्धिमान कन्दङ्वाद्वारा संयोजित विद्यार्थीको मार्चपास, पीटी र सलामी अर्पण समेत प्रस्तुत गरिएको थियो।

कार्यक्रममा सल्लाहकारहरू शम्भु ढकाल (सुस्केरा), सरला दाहाल पोखरेल, भीमबहादुर लिम्बू, राष्ट्रिय स्वतन्त्र पार्टीका नगर अध्यक्ष मोहन थापा, कनकाई बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख विकासप्रसाद उप्रेती, अङ्ग्रेजी भाषा प्रशिक्षक टीकाप्रसाद लामिछाने, कनकाई सुरुङ्गा प्रेस क्लबका अध्यक्ष लीलाराज झापाली, सुरुङ्गा जेसीजका अध्यक्ष मेनुका उप्रेती लगायतको आतिथ्य रहेको थियो। कार्यक्रमको सञ्चालन शिक्षकद्वय संगीता उप्रेती र टीकाराम चिमरियाले गरेका थिए।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. :
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन शुखी रहला, उत्साह बढ्ने योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
समय दिन नसक्दा काम बिग्रन सक्छ, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला धैर्य गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
यथेष्ट धन लाभको योग आएको छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
तपाईको आजबाट पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको रमाइलो यात्रा हुनाले मन हर्षित रहने छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावलीबाट शुभ समाचारको योग छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
समय अनुकुल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो काम फत्ते हुनाले मन प्रसन्न रहला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रसँग भेट हुने समय रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
आजको दिन समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन खुशी हुनेछ, तर परिवारजन बिमुख हुनेछन्।

मिति २०८२/१०/१३ मंगलबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३,०९,८००।-
चाँदी
प्रति तोला
रु.६,८८५।-

# एसियन हाइवे निर्माण दुई वर्षमा ३५ प्रतिशत



**मोरङ, माघ १३।** सडक सञ्जाल मार्फत एसियाली राष्ट्रलाई जोड्ने मुख्य उद्देश्यका साथ अगाडि बढाइएको 'एसियन हाइवे' काँकरभिट्टाबाट लौकही सडकखण्डमा निर्माण सुरु भएको दुई वर्षमा करिब ३५ प्रतिशत काम सकिएको छ।

आइतबारदेखि झापाको पाडाजुगीबाट पश्चिम सडक पहिलो चरणको एकलेन कालोपत्र शुरु भएको आयोजना अन्तर्गत पश्चिम खण्ड इटहरी कार्यालयका प्रमुख जगत प्रजापतिले बताए। निर्माण सम्झौता भएको दुई वर्षमा करिब ३५ प्रतिशत काम सकिएको उनले जानकारी दिए।

प्रमुख प्रजापतिका अनुसार एसियन राजमार्ग नं. २ अन्तर्गत काँकरभिट्टाबाट लौकहीसम्मको एक सय २० किलोमिटर सडक स्तरोन्नति हुने भनिए पनि हाल ९५ दशमलव ७६ किमी सडक मात्र ठेक्का लागेर काम भइरहेको छ। पूर्वी खण्ड र पश्चिम खण्ड गरी दुई भागमा विभाजन गरेर काम भइरहेको उनले उल्लेख गरे।

हालसम्म दुवैखण्डमा गरी करिब २० किलोमिटर एकतर्फी सडकमा पहिलो चरणको कालोपत्र सकिएको छ। आयोजना पूर्वी खण्ड दमक कार्यालयका प्रमुख सुनीलबाबु पन्तका अनुसार पूर्वीखण्डमा पनि करिब ३५ प्रतिशत काम सम्पन्न भएको बताए।

निर्माण सामग्री उपलब्धतामा सहजता भएमा कामले तीव्रता पाउने पन्तले बताए। पूर्वी खण्डमा बिजुलीका खम्बा सार्ने काम करिब ८० प्रतिशत सकिएको जनाउँदै उनले पश्चिम खण्डमा करिब ४० प्रतिशत मात्र काम भएको बताए। बजार क्षेत्रका खम्बा सार्न बाँकी रहेको आयोजना कार्यालयले जनाएको छ। कार्यालयका अनुसार पूर्वी खण्डका ठूला पुल निर्माणमा २३ प्रतिशत प्रगति भएको छ भने पश्चिम खण्डमा २५ प्रतिशत प्रगति भएको छ।

एसियन हाइवे थाइल्याण्डको बैंककबाट शुरु भई म्यान्मा, बङ्गलादेश, भारत हुँदै नेपालको काँकरभिट्टाबाट पूर्व-पश्चिम राजमार्ग भएर भारतको दिल्ली हुँदै पाकिस्तानको कराँचीसम्म पुग्नेछ। तीन वर्षमा निर्माण सम्पन्न गर्ने योजनाका साथ एशियाली विकास बैंकको आर्थिक सहयोगमा वि.सं. २०८० माघ १९ गतेदेखि सडक निर्माण काम शुरू भएको हो।

यो आयोजना निर्माणमा ३० करोड अमेरिकी डलर लाग्ने अनुमान गरिएको छ। तीन वर्गमा निर्माण हुने उक्त सडक बजार क्षेत्र, जङ्गल क्षेत्र र ग्रामीण क्षेत्र भनेर छुट्याइएको छ। बजार क्षेत्रमा ५० मिटर, जङ्गल क्षेत्रमा २४ मिटर र ग्रामीण क्षेत्रमा ३३ मिटर चौडाइको सडक निर्माण हुनेछ।

# आजदेखि एलाइट कप क्रिकेट

**मोरङ, माघ १३।** प्रथम 'एलाइट' कप क्रिकेट प्रतियोगिता आजदेखि विराटनगरमा हुने भएको छ।

कोशी प्रादेशिक क्रिकेट सङ्घ र नेपाल क्रिकेट फाउन्डेशनको संयुक्त आयोजनामा यही माघ १४ देखि १७ सम्म विराटनगर-६ स्थित मरिलेबन क्रकेट खेलमैदान उक्त प्रतियोगिता हुने पत्रकार सम्मेलनमा जानकारी दिइएको हो।

प्रतियोगितामा झापा, मोरङ र सुनसरीको टिमको सहभागिता रहने आयोजकले जानकारी दिएको छ। प्रतियोगिता अन्तर्गत आज माघ १४ गते मोरङ र सुनसरी, १५ गते झापा र मोरङ, १६ गते सुनसरी र झापाबीच खेल हुनेछ भने माघ १७ गते प्रतियोगिताको फाइनल खेल हुने कोशी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सर्वजित अध्यक्ष पाण्डेले बताए।

उक्त प्रतियोगितामा प्रधानमन्त्री कप क्रिकेटमा कोशी प्रदेशबाट उत्कृष्ट भएका तीन समूहको सहभागिता रहने पाण्डेले जानकारी दिए। आगामी दिनमा क्यानको वार्षिक क्यालेण्डरमा एलाइट कप प्रतियोगितालाई समेट्नका लागि पहल गरिने उनले बताए। प्रतियोगिताले कोशी प्रदेशमा क्रिकेटको खस्किएको साखलाई फर्काउनका लागि प्रयास हुनेछ।

पत्रकार सम्मेलनमा मोरङ अध्यक्ष मो सादबाबु, सुनसरी क्रिकेट सङ्घका अध्यक्ष चेतनाथ पौडेलले एलाइट कपको आयोजना हुने गौरवका विषयमा भएको यसलाई दीर्घकालीनसम्म लैजानुपर्नेमा जोड दिए।

# भारतीय भूपू सैनिकको भेटघाट




**बिर्तामोड, माघ १३।** भारतीय गोर्खा भूत पूर्व सैनिक संघ, बिर्तामोडले भेटघाट तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ।

भारतको ७७औं गणतन्त्र दिवसको अवसरमा संघले बिर्तामोडमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको हो। भारतीय गोर्खा भूपू सैनिक संघ बिर्तामोडका अध्यक्ष शेरबहादुर मादेनको अध्यक्षता तथा मेजर श्यामबहादुर गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष लक्ष्मी देवान राईले स्वागत गरेकी थिइन्।

भारतीय गोर्खा भूपू सैनिक संघ,बिर्तामोडका अध्यक्ष मादेनले संस्थामा आबद्ध सदस्य आफ्नो सेवासुविधाप्रति चनाखो भएर दुःख सुखका अनुभव बाड्दै समाज सेवामा सक्रिय हुन आग्रह गरे।

कार्यक्रममा प्रमुख अतिथि गुरुङ, भारतीय गोर्खा भूपू सैनिक संघ झापाका अध्यक्ष सलबहादुर गुरुङ, भारतीय गोर्खा भूपू सैनिक संघ, बिर्तामोडका निवर्तमान अध्यक्ष हिमालयप्रकाश कन्दङ्वा, बिर्तामोड-१० का वडाध्यक्ष दुर्योधन गुरुङ लगायतले शुभकामना मन्तव्य राखेका थिए। उनीहरुले संस्थाले सदस्यको हितमा गरेको कार्यको प्रशंसा गर्दै अझ सक्रिय बन्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा संघमा आबद्ध १६ जना नयाँ आजीवन सदस्यलाई प्रमाणपत्र प्रदान गरिएको थियो। वि.सं.२०७० सालमा स्थापित संस्थामा हाल चार सयभन्दा बढी आजीवन सदस्य रहेका छन्।

भूपू महिला संघकी अध्यक्ष लीला थापा मगरको नेतृत्वमा स्वागत नृत्य प्रस्तुत गरिएको कार्यक्रमको सञ्चालन संस्थाका सचिव तारामणि श्रेष्ठले गरेका थिए। कार्यक्रममा सैनिक सेवाका विभिन्न पदका अवकाश प्राप्त भूपू सैनिकहरुको आतिथ्य रहेको थियो।

# मिस्टर कोशी शारीरिक सुगठन प्रतियोगिता हुने

**सुनसरी, माघ १३।** धरानमा सातौं 'मिस्टर कोशी प्रदेश-२०८२' खुला शारीरिक सुगठन प्रतियोगिता आयोजना हुने भएको छ।

शारीरिक सुगठन खेलको विकास तथा विस्तार गर्नाका साथै प्रतिभाशाली खेलाडीलाई प्रतिस्पर्धात्मक मञ्च प्रदान गर्ने र खेलाडीको आर्थिक सशक्तिकरण मार्फत स्वस्थ नागरिक निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो। एलाइनेट जिम धरानद्वारा आयोजित प्रतियोगिता आगामी चैत २७ र २८ गते धरान उपमहानगरपालिका-८ स्थित सभागृह भवनमा सञ्चालन गरिने जनाइएको छ।

प्रतियोगिताको पहिलो दिन 'प्रिजजिङ' सञ्चालन गरिने छ। उक्त चरणमा प्रत्येक तौल समूहबाट ६-६ जना खेलाडी छनोट गरिनेछ। विभिन्न तौल समूहबाट छनोट भएका कुल ३० जना खेलाडी फाइनल चरणमा सहभागी हुने एलाइनेट जिम धरानका अध्यक्ष विक्रम लिम्बूले बताए।

फाइनल चरणमा प्रत्येक तौल समूहमा प्रतिस्पर्धा गराई प्रथमदेखि छैटौं स्थानसम्मका खेलाडी निर्धारण गरिने छ। प्रत्येक तौल समूहका प्रथम स्थान प्राप्त खेलाडी मात्र 'ओभरअल' चरणमा सहभागी हुने बताइएको छ। प्रतियोगितामा ५५, ६०, ६५, ७०, तथा ७५ केजी वजन समूह समावेश गरिएको छ।


**मार्बल शिलालेख**

यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ

सम्पर्क : **एल. बि. आर्ट**
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००, ९८१६०४९८००

**वैदेशिक रोजगार**

यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।

HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**

के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई** सम्झनुहोस्। यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।


सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**UPVC झ्याल ढोका**



टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस्।

गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क : बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**कार्की ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०



**कार्की ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०



**हामीलाई सम्पर्क गर्नुहोस्**

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।

*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*

सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**आयुर्वेद उपचार**

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।

**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

UNited International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No .309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर

**ASIA LINK SERVICES (P) LTD.**
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा

हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।

सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।**

कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।

सम्पर्क :
**सेक्टर वान सेक्युरिटी सर्भिस**
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*



सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
**देवराज गिरी**
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**DRISHTI Eye Care System**
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS

**प्रत्येक दिन आँखाको शल्यक्रिया**

१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)

Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**

१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईको सेवामा!

हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**



बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।

बिर्तामोड :
**झापा फल्स सिलिङ्ग हाउस**
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/१४**

यस भगवती बचत तथा ऋण सहकारी संस्था लि. कनकाई नगरपालिका- ३, सुरुङ्गा को मानव संसाधन व्यवस्थापन नीति तथा कार्यविधि २०८२ बमोजिम निम्न पदमा खुला प्रतिस्पर्धाद्वारा पद पूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ।

**विज्ञापन नं. १ (२०८२/२०८३)**

**पद** : ऋण सहायक चौंथो **संख्या** : १ (एक जना)
**परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक हुनेछ।
**परीक्षा मिति र स्थान** : परीक्षा सम्बन्धी सूचना पछि प्रकाशन गरिने छ।
**दरखास्त दस्तुर** : रु. ३००।- (तीन सय मात्र) फिर्ता नहुने।
**दरखास्त दिने अन्तिम मिति** : २०८२ साल माघ २० गतेसम्म।
**उम्मेदवारको उमेरको हद (महिला/पुरुष)**: दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
**पदमा रही गर्नुपर्ने कामको विवरण** : संस्थाले तोकेको जिम्मेवारीसँग सम्बन्धित कार्य विवरण (JD) अनुसार।
**सेवासुविधा** : एस.एस.एफ.को सुविधासहित संस्थाको नियम अनुसार।
**आवश्यक न्युनतम शैक्षिक योग्यता** : व्यवस्थापन संकायमा +२ वा सो सरह
**सेवाको प्रकृती** : करार
**आवश्यक कागजातहरु** : आवेदकले हस्तलिखित निवेदनका साथमा न्युनतम शैक्षिक यागेयताको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको २ प्रति फोटो, व्यक्तिगत विवरण (Bio-Data), दरखास्त दस्तुर बुझाएको रसिद नेपाली फाइलमा संलग्न राखि संस्थाको कार्यालय कनकाई नगरपालिका-३, सुरुङ्गामा बुझाउनुपर्नेछ।

- तोकिएको म्यादभित्र पेस नभएको वा न्युनतम योग्यता नपुगेको वा अन्य विवरण नखलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकार गरिने छैन्।
- सम्बन्धित कामको अनुभव, तालिम र माटेरसाइकल चालक अनुमति-पत्र प्राप्त उम्मेदवारलाई प्राथमिकता दिइने भएको हुँदा उक्त प्रमाणहरु दरखास्त फारमसँगै पेश गर्नुपर्नेछ।
- विदेशबाट शैक्षिक यागेयता हासिल गरेको भए समकक्षताको प्रमाण अनिवार्य पेस गर्नुपर्नेछ।
- अन्तिम छनोटमा परेका उम्मेद्वारले संस्थाले तोके अनुसारको धितोधरौटीको व्यवस्था गर्नुपर्नेछ।
- कार्यसम्पादन मूल्यांकनका आधारमा करार अवधि थप हुनेछ।

**कर्मचारी पदपूर्ति उप-समिति**
**भगवती साकोस**
**कनकाई-३, सुरुङ्गा (सम्पर्क नं. ०२३-५५२२८५)**

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/ बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| धर्म लाल गिरी | गौरीगञ्ज-४ | २१<br>२३२ | २३५०.००<br>३४०.०० | सोहबु गिरी/साहावु गिरी |
| जमुना चिमरिया | घैलाडुब्बा-५ | १५३ | ०-०-१५ | बर्तन राजवंशी/रतन राजबंशी |
| गंगा माया माझी | शिवगञ्ज-७ | ८४०८ | ०-०-१० | पदमलाल शिवाकोटी |
| हेमकुमार लिम्बू | बाहुडाँगी-९ | ३६७ | १-०-० | विरबहादुर तामाङ्ग/बिर बहादुर बल तामङ्ग |
| रेनुका राजवंशी | घेराबारी-६ | २२७२ | ४३९५.०० | सगन सतार/समय सतार |
| कर्णबहादुर राजवंशी | बनियानी-२ | ३७० | ७४४९.८९ | यादगा राजवंशी |
| दाताराम भट्टराई | महेशपुर-५ | ११८४ | १-०-० | करकेरु राजबंशी/जितनलाल राजबंशी |
| भवकलाल सिंह राजवंशी | राजगढ-६ | ४११६ | ९०५.७६ | सरण लाल |
| मातल मुर्मु सतार | बैगुनधुरा-९ | ११२० | ४७८.८४ | प्रधान सतार |
| मिना आचार्य | बाहुनडाँगी-१ | ३२८३ | ०-१-० | मधुराम आले मगर |
| प्रफुल्ल राजवंशी | राजगढ-४ | २०२७ | ९८३.७० | चन्कु/चनकु सतार/धनु सतार |
| लक्ष्मीदेवी पौडेल | पथरी-८ | १३०५ | ६९०.०० | शिवलाल राजवंशी |
| लेखनाथ भण्डारी | दमक-८ | ३७३ | ०-१०-० | भक्तबहादुर तामाङ्ग |